निर्णय पुस्तिका- बैठक संख्या:०९ मिति:२०७७/०८/१६

आज मिति २०७७ साल मसिर १६ गते मंगलवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | ईन्जिनियर | श्री गजेन्द्र कुमार साह | |
| २१ | अधिकृत | श्री भुवनेश्वर यादव | |

२२ कम्प्यूटर अपरेटर श्री विपुल कुमार यादव

२३. रोजगार संयोजक श्री दिपक कार्की

२४ श्री रमेश प्रसाद दाहाल शिक्षा अधिकृत ([illegible])

निर्णय पुस्तिका:- बैठक संख्या:०९ मिति २०७७।०८।१६

प्रस्तावहरु:

१. ६ नं वडा कार्यालय भाडामा लिने सम्बन्धमा।
२. हात्ती पाईले खानेपानी योजना थप काम गर्ने सम्बन्धमा।
३. विद्यालय लेखापरिक्षकको लागि पुन:विज्ञापन गर्ने सम्बन्धमा।
४. सहकारी ऋणकोष सूचना प्रकाशन सम्बन्धमा।
५. उद्यम विकास सहजकर्ता विज्ञापन पुन:प्रकाशन गर्ने सम्बन्धमा।
६. कृषि कार्यक्रम सम्बन्धमा।
७. एम्बुलेन्स दर्ता सम्बन्धमा।
८. टोल विकास संस्था सम्बन्धमा।
९. का.स श्री डिक बहादुर राई विदाई सम्बन्धमा।
१०. का.स र ब्याकहो लोडर विज्ञापन गर्ने सम्बन्धमा।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं १

उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै मिति २०७७।०७।१७ मा प्रथम पटक सूचना प्रकाशन गरि ६ नं वडा कार्यालयको लागि कोठा भाडामा लिन प्राप्त आवेदनहरुमाथि छलफल हुँदा सबै भन्दा कम भाडा दर प्रस्ताव आएको श्री परकास कुमार विष्टको दुई वटा कोठा रु ९०००/-( नौ हजार मात्र) मा भाडामा लिने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल भै ठेक्का सम्झौता भै निर्माणका लागि प्रदेश सरकार तथा गाउँपालिकाबाट बजेट विनियोजन भै डिपिआर अनुसार मान्दुङ्ग खोलाबाट आयोजना सुरुहुने अवस्था भएतापनि स्थानियवासीबाट आयोजनाको ईनटेक, पाईपलाईन हात्तिपाइले खोलाबाट सुरु हुनुपर्ने माग आएको हुदा हात्तीपाईले खोला र छोके खोलाबाट इनटेक पाइपलाईन सुरु गरी इन्टेक र पाईपलाईन निर्माण गर्ने र रिजर्वयर ट्याङ्की थप निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं ३

उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै विद्यालय लेखापरिक्षकको लागि आवेदन दस्तुर लिन नमिल्ने भनि चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) को च. नं ६२/०७७/०७८ बाट पत्राचार भई आएको हुँदा सो सम्बन्धी सूचना पुन: प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाको सहकारी ऋण कोष संचालन कार्यविधि २०७७ बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत 2077/8/16

अध्यक्ष 2077/8/16

निर्णय पुस्तिका:- बैठक संख्या:०९ मिति २०७७।०८।१६

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालखा, भोजपुर १ नं प्रदेश

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल भै मिति २०७७।०७।२६ देखि २०७७।०८।१० गते सम्म उद्यम विकास सहजकर्ता करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना प्रकाशन गरिएता पनि आवश्यक मात्रामा निवेदन नपरेको हुनाले ३ दिनको म्याद राखि पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल भै कृषि शाखालाई अझ प्रभावकारी बनाउनका लागि कृषि प्राविधिक थप्ने साथै कृषि सहकारी समुहहरुको पान दर्ता गर्ने गरि व्यवस्था मिलाउने निर्णय गरियो। साथै कृषी कार्यक्रमको मापदण्ड बनाई प्रस्ताव मागको सूचना जारी गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल भै आमचोक गाउँपालिकाको नाममा रहेको एमबुलेन्सको नम्बर प्लेट हाल सम्म पनि रातो भएको हुनाले सेतो नम्बर प्लेट कायम गर्न श्री यातायात व्यवस्था कार्यालय समक्ष सिफारिस गरि पठाउने निर्णय गरियो।

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल भै स्थानीय विकास प्रकृयामा टोल तथा बस्ती स्तर बाट नै नागरिक सहभागिता सुनिश्चित गर्न वाञ्छनीय भएको हुनाले यस आमचोक गाउँपालिकामा टोल विकास संस्था गठन प्रकृया पौष मसान्त सम्ममा पुर्णता दिने निर्णय गरियो।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल भै कार्यालय सहयोगी श्री डिक बहादुर राई को यहि मिति २०७७।०८।१५ गते देखि अनिवार्य अवकास भएका हुनाले उहाँको विदाई गर्ने निर्णय गरियो।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल भै यस आमचोक गाउँपालिकाको लागि आवश्यक तपसिल बमोजिमको पदमा करार सेवामा कर्मचारी भर्ना गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र सं | पद | माग संख्या |
|---|---|---|
| १ | कार्यालय सहयोगि | ०१ |
| २ | ब्याकहो लोडर | ०१ |

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल भै यस आमचोक गाउँपालिकामा ११४३ सूचीकृत बेरोजगारहरुलाई आ.व २०७७/०७८का लागि सूचीकरण गर्ने निर्णय गरियो। वार्षिक नीति कार्यक्रम तथा वजेट पुस्तिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीकालागि रुपान्तरण पहल आयोजनामा प्राप्त बजेट बाट नयाँ पुर्वाधार निर्माणका कार्य गर्न कार्यबिधि विपरित हुने भएको हुनाले तपसिल बमोजिमका आयोजनाहरुको नाम सच्याउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत　　　　अध्यक्ष

निर्णय पुस्तिका:- बैठक संख्या:०९ मिति २०७७।०८।१६

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
१ नं प्रदेश

तपसिल

| क्र सं | आयोजनाको नाम | सच्याईएको नाम |
|---|---|---|
| १ | पञ्चायत प्रा वि खेल मैदान निर्माण | पञ्चायत प्रा वि खेल मैदान स्तरोन्नति |
| २ | वालंखा कालिकोटे बाटो सडक निर्माण | वालंखा कालिकोटे बाटो सडक स्तरोन्नति |
| ३ | जकटा जोरेकोल गोरेटो बाटो निर्माण | जकटा जोरेकोल गोरेटो बाटो स्तरोन्नति |

साथै वार्षिक नीति कार्यक्रम तथा वजेट पुस्तिकाको निर्णय नं २० मा तपसिल बमोजिमको संसोधन गर्ने निर्णय गरियो।

तपसिल

क. बतासे महादेवस्थान वासिङ्थर्पु सडक मर्मत शिर्षकको ४ लाख बजेटमा संसोधन गरि ३ लाख कायम गर्ने।

ख. दुम्माना जोगेपाथर सडक मर्मत योजनाको नाम संसोधन गरि बोखिमटार देखि जोगेपाथर सडक खण्ड कायम गर्ने ।

ग. मार्जेताङ् मखुवा दारेगौडा सडक मर्मतको बजेट १० लाखमा संसोधन गरि ७८००००/- कायम गर्ने।

घ. बयाङ् पावला आमबोटे सडक मर्मतको बजेट १० लाखमा संसोधन गरि ५ लाख कायम गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष